कीर्तिपुरको चित्रण

# कीर्तिपुर सन्देश

KIRTIPUR SANDESH WEEKLY

साप्ताहिक

वर्ष ४ अंक ३९ (संयुक्तांक १९३) ने. सं. ११३५ बछलागा दुतिया बुधवाः २०७२ बैशाख २३ गते बुधवार (May-6, 2015) पृष्ठ ८ मूल्य रु.५/-

# महाभुकम्पबाट कीर्तिपुर नगरमा ४१ जनाको मृत्यु





भूकम्प अर्थात भूमिमा कम्पन हुनेलाई भूकम्प भनिन्छ। भूकम्प कहिले आउँछ, कसरी आउँछ भन्ने कुरा कसैलाई थाहा छैन। अहिलेसम्म यस्तो पत्ता लगाउने कुनै यन्त्र विश्वमा बनेको छैन। भूकम्प आइसके पछि कहाँ केन्द्रविन्दु बनाएर कति रेक्टर स्केलको आयो भन्ने मापन गर्ने यन्त्र चाहिं बनेको छ। भुकम्प पनि थरि थरिका छन्। ६ रेक्टर स्केलभन्दा माथिको भूकम्प आयो भने मात्र केही क्षति हुन्छ। जति ठुलो स्केलको भूकम्प आउँछ त्यति ठूलो नोक्सान हुन्छ। भूगर्भविदहरुले कहिले कत्रो भूकम्प आउँछ भन्न नसके पनि भुकम्पको क्षेत्र यकिन गर्न सक्छ। भूगर्भविदहरुको भनाई अनुसार नेपाल भूकम्पिय जोखिमको आधारमा विश्वको १० औं नम्बरमा पर्छ।

वि.सं.१९९० को भूकम्पको केन्द्रविन्दु दिक्तेल रहेको थियो भने अहिलेको भूकम्पको केन्द्रविन्दु गोरखाको वारपाक क्षेत्र रहेको छ। नेपालमा भूकम्प गएको इतिहास अनुसार हरेक ६० वर्षदेखि ९० वर्षको अन्तरालमा ठूलो भूकम्प गएको देखिन्छ। यहि कुरालाई मध्यनजर राखी अक्सफामको सहयोगमा लुमन्ति संस्था र नेपाल रेडक्रस सोसाइटीले विगत ४ वर्षदेखि देशको विभिन्नस्थानमा विपद व्यवस्थापन तालिम दिंदै आइरहेका छन्।

कीर्तिपुर नगर क्षेत्रमा पनि लुमन्ति र नेपाल रेडक्रस सोसाइटीले हरेक वडामा विपद व्यवस्थापन समितिको निर्माण गरी विभिन्न किसिमका तालिमहरु दिंदै आइरहेका छन। ती तालिमहरुको राम्रो प्रभाव यसपालिको भूकम्पमा देख्न पाइयो। जहाँ जहाँ भूकम्पले मानिस पुरिएका थिए, त्यहाँ त्यहाँ सक्दो प्रयास गरी पुरिएका मानिसहरुलाई उद्धार गर्न सफल भएका थिए। पाँगाको धुसिटोलमा सानु महर्जनको घरमा ५ जना पुरिएका थिए। स्थानीयवासी र आफन्तहरुको सहयोगमा जिउँदै उद्धार गरिएको थियो। त्यस्तै पाँगाको लाछिमा मानिकलाल महर्जनको ६ जना परिवार पनि पुरिएका थिए। जसमा सशस्त्र प्रहरी र स्थानीयवासीको सहयोगमा ४ जनालाई जिवितै उद्धार गरिएका थिए। खाट मुनि पुरिएको मानिकलाल पनि समयमै उद्धार गर्न सकेको भए बाँच्ने सम्भावना थियो। उहाँलाई फेला पार्न ६ घण्टा समय लाग्यो। जसको कारण उहाँलाई जिवित उद्धार गर्न सकेन। यसरी वडा नं.१० मा दुईजनाले ज्यान गुमाए।

पाँगाको लखुटोलमा एकै ठाउँमा ५ जनाको निधन भयो। आशालाल महर्जन र बासुदेव महर्जन दुवै जना छोराहरु नजिकै रहेपनि घरको ठूलो भागले थिचिएका थिए। उद्धार गर्न खोज्दा छिन छिनमा भूकम्प आइरहेको र घर पनि भत्किंदै गइरहेकोले उद्धार गर्न सकिएन। एउटै घरका हरिसरण महर्जन र उनका दुईजना नातिनीहरु पनि पुरिए। उद्धार गर्दा जिवित फेला पार्न सकेन। यसरी पाँगाको वडा नं.११ मा डेरा गरी बस्ने सहित १० जनाको निधन भएका छन्। वडा नं.१२ मा डेरामा बस्नेसहित सहित ३ जनाको निधन भएको छ। यसरी ४ वटा वडा रहेको पाँगामा मात्र १५ जनाको निधन भएका छन्।

यसपालीको महाभूकम्पले पाँगा क्षेत्रमा नराम्ररी प्रभाव पारेका छन्। प्रायजसो कच्ची घरहरु भत्किएका छन्। नभत्किएका घरहरु पनि चर्केर, एक पातो भत्केर बस्नै नहुने भएका छन्। धुसि, लाछि, माहाबो, लखु, दथल, दिख्य:, सिकुछें, भुजिन्द लगायत थुप्रै टोलहरुमा नयाँ सिमेन्टले बनाएका घर बाहेक बस्न लायक एउटा पनि घर रहेनन्। त्यस्तै की.न.पा. वडा नं.१८ इटागोलमा पनि भयावह स्थिति रहेको छ। त्यहाँ पनि पुराना घरहरु ध्वस्त भएका छन् भने नयाँ घरहरु पनि चर्किएका छन्। की.न.पा. वडा नं.१४ गुठमा पनि पुरा गाउँनै उजाडिएका छन्। नयाँ पुराना सबै घर नस्त भएका छन्। लाग्छ जमिनै पल्टिएको जस्तो छ। नगरपालिकाबाट प्राप्त विवरण अनुसार त्यस क्षेत्रमा १० जनाले ज्यान गुमाएका छन्। जसमा कीर्तिपुरका २ जना र डेरामा बस्ने एक जना परेका छन्।

त्यस्तै कीर्तिपुर वडा नं.१५ को क्वार, लनगोलमा पनि थुप्रै घरहरु ध्वस्त भएका छन्। वडा नं.१५ मा ६ जनाको निधन भएका छन्। वडा नं.१६ का सार्थक माली धरहरामा थिचिएर मरेको छ। वडा नं.१ र २ मा डेरा गरी बस्ने एक एक जनाको निधन भएको छ। वडा नं.६ का सविना मानन्धर कलंकीमा निधन भएको छ भने वडा नं. ७ मा डेरामा बस्नेहरु २ जनाको मृत्यु भएका छन्। वडा नं.८ मा पनि डेरा गरी बस्ने एक जनाको निधन भएको छ। वडा नं. १७ मा पनि डेरा गरी बस्ने एक जनाको निधन भएको छ। यसरी जम्मा ४१ जनामा पुरुष १९ र महिला २२ जनाको निधन भएको छ। जसमा डेरामा बस्नेहरु १२ जना परेका छन्।

मंगलवार गृह मन्त्रालयले जानकारी दिए अनुसार देशभरमा मृतकको संख्या ७५५७ र घाईतेहरुको संख्या १४,३५५ पुगेका छन्। यो संख्या अझ बढ्न पनि सक्ने अनुमान गरिएको छ।

वडास्तरीय निधनहुनेहरुको नामावली पेज ६ मा दिइएको छ।

## हार्दिक श्रद्धाञ्जली

२०७२ बैशाख १२ शनिवारको दिन नेपालमा आएको विनाशकारी महाभूकम्पमा परी असामयिक निधन हुनुभएका सम्पूर्णको आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा सम्पुर्ण शोकसन्तप्त परिवारजनमा धैर्य धारण गरी विपद्को सामना गर्ने शक्ति प्राप्त होस् भनि कामना गर्दछौं।

साथै भूकम्पमा परी घाइते हुनु भएका सम्पूर्ण महानुभावहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं।

दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

कीर्तिपुर-१७, बाहिरीगाउँ, काठमाडौं

फोन नं.४३३४२३५, ४३३२०५७

# कीर्तिपुर नगरपालिका कार्यालयको

## सिलवन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना

## प्रथम पटक प्रकाशित मितिः २०७२/१/२३

यस नगरपालिकाको चालू आ.व.२०७१/०७२ को सडक बोर्ड कार्यक्रम अन्तर्गत निम्नानुसारका योजनाहरु दरभाउपत्रद्वारा निर्माण गर्नु परेकोले ईच्छुक सम्बन्धित कार्यको अनुभवी रजिष्टर्ड निर्माण व्यवसायीहरुबाट चालु आर्थिक वर्षका लागि नविकरण भएको इजाजत पत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र एवं मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, व्यवसाय कर प्रमाण पत्र लगायत अन्य आवश्यक कागजातहरु समेत संलग्न गरी देहाय बमोजिम सिलबन्दी बोलपत्र/ दरभाउपत्र पेश गर्नुहुन आह्वान गरिन्छ।

१) दरभाउपत्र फाराम खरीद गर्नको लागि निर्माण व्यवसायी आफै वा अधिकृत वारेसनामा सहितको व्यक्ति उपस्थित हुनुपर्नेछ।

२) सिलबन्दी दरभाउपत्र निम्नानुसार मिति, समय र स्थानमा खरीद गरी दर्ता गरि सक्नुपर्नेछ। दर्ता भएका सिलबन्दी दरभाउपत्र निजको वारेसको उपस्थितिमा नगरपालिका कार्यालयमा खोलिनेछ। निजहरु उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न कुनै बाधा पर्नेछैन।

३) तोकिएको मितिमा विदा परेमा विदाको भोलिपल्ट (कार्यालय खुलेको दिन) सिलबन्दी दरभाउपत्र फाराम खरीद गर्ने, पेश गर्ने तथा खोल्ने कार्य हुनेछ।

४) सिलबन्दी दरभाउपत्र दाखिला गर्दा आफूले कबुल गरेको दर अंक र अक्षरमा स्पष्ट लेखी खामको बाहिरपट्टि कामको नाम लेखी प्रष्ट बुझिने छाप लगाई सिलबन्दी गरी दाखिला गर्नुपर्नेछ। अंक र अक्षरमा लेखिएको दररेट फरक पर्न गएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ।

५) सिलबन्दी दरभाउपत्र साथ कबुल गरेको अंकको २.५प्रतिशत (अढाई प्रतिशत)ले हुने रकम धरौटीको रुपमा नेपाल राष्ट्र बैंक थापाथलीमा रहेको यस नगरपालिकाको धरौटी खाता नं.१२०४७०३-००१-०३०-५२४ मा जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको जमानी पत्र संलग्न भएको हुनुपर्नेछ।

६) यस दरभाउपत्र सम्बन्धी अन्य कुनै पनि कुरा बुझ्नुपरेमा विदाको दिन बाहेक कार्यालय समयमा योजना शाखामा सम्पर्क राख्न सकिनेछ।

७) दरभाउपत्र मूल्य अभिबृद्धि कर बाहेकको दररेटमा उल्लेख गर्नुपर्नेछ।

८) दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने, आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस नगरपालिका कार्यालयमा सुरक्षित रहनेछ।

९) सम्बन्धी विस्तृत सूचना यस नगरपालिकाको सूचना पाटीमा टाँस गरिएको छ।

१०) प्रस्तावित कार्यको निमित्त आवश्यक अनुभव, जनशक्तिको आवश्यक कार्यदक्षता तथा योग्यता, प्राविधिक मालसामान तथा उपकरणहरुको विवरण, आर्थिक दक्षताको विवरण विमा सम्बन्धि व्यवस्था एवं मालसामान आपूर्ति तालिका वा निर्माण कार्य तालिका दरभाउपत्रसाथ संलग्न हुनुपर्नेछ।

११) यसमा उल्लेख भए देखि बाहेकका कुराहरुको हकमा प्रचलित कानून अनुसार हुनेछ।

**तपसिल**

| सि.न | कामको विवरण | लागत अनुमान (मु.अ.क.बाहेक) | दरभाउपत्र खरीद गर्ने अन्तिम मिति, समय र स्थान | दरभाउपत्र पेश गर्ने मिति, समय र स्थान | खोल्ने मिति, समय र स्थान | बोलपत्र खरीद मूल्य |
|---|---|---|---|---|---|---|
| १ | कीर्तिपुर बचत-नगाउँ भत्केपाटी-पुष्पलाल सडक सुधार | ४,३१,८००/- | प्रथम पटक प्रकाशित मिमिले १५ दिनभित्र । की.न.पा. कार्यालय (कार्यालय समयभित्र) | १६ औं दिन, दिनको १२:०० बजेसम्म कीर्तिपुर नगरपालिका कार्यालय | १६ औं दिन, दिनको ५:०० बजे, कीनपा कार्यालय | ३००/- |
| २ | कीर्तिपुर चक्रपथ - स्वीमिङ्ग पुल- सिता पम्प सडक सुधार | ४,३१,७००/- | " " | " " | " " | ३००/- |
| ३ | राराहि- जाखा सडक सुधार | ४,३१,८००/- | " " | " " | " " | ३००/- |
| ४ | विश्व राष्ट्र स्कुल - सल्यानस्थान सडक सुधार | ८,५७,२००/- | " " | " " | " " | ३००/- |

# पाठक प्रतिक्रिया – खण्डन

कीर्तिपुर क्षेत्रबाट प्रकाशित हुने साप्ताहिक पत्रिकाहरुमध्ये सर्वाधिक लोकप्रिय साप्ताहिक कीर्तिपुर सन्देशमा गत २०७२ बैशाख ९ गते बुधवारका दिन प्रकाशित 'कीर्तिपुर मा.बि.मा सरुवा भैआएका नि.प्र.अ बद्रीप्रसाद खनालको सरुवा बदरको माग'को समाचार प्रति ध्यानाकार्षण भएको छ। उक्त समाचारमा प्रकाशित केही कुराहरु तथ्यहीन, कपोलकल्पित, भ्रामक तथा निहित श्वार्थबाट अभिप्रेरित भइ प्रकाशित गरिएकाले कीर्तिपुर मा.बि.का शिक्षक, विद्यार्थी, अविभावक तथा स्थानिय जनसमुदायमा सत्य-तथ्य र वास्तविक कुराको जानकारी गराउन चाहन्छु :

**१) सरुवा सम्बन्धमा :**

गत २०७१ मंसिर १२ गते अवकास हुनुभएका निवर्तमान प्र. अ.जनार्दन श्रेष्ठको रिक्त रहेको मा.बि. तहको शिक्षक दरबन्दीमा शिक्षा नियमावलीको दफा ९८ अनुसार शिक्षकको रुपमा सरुवा भैआएको हुँ र सोही नियमावलीको दफा ९३ को उपदफा १२ अनुसार नि.प्र.अ. भएको हुँ। गणित विषयको शिक्षक रबि महर्जन म सरुवा भैआउनुभन्दा अघि नै सोही विद्यालयमा कार्यरत हुनुहुन्थ्यो। जहाँसम्म सामाजिक विषयका शिक्षकहरु बढी भयो भन्ने आरोप छ, मा.बि.स्तरको विद्यालयहरुमा स्वाभाविक रुपमा सामाजिक विषयका शिक्षकहरु बढी हुनु स्वभाविक नै हो। किनकी भूगोल, अर्थशास्त्र, जनसंख्या, लेखा र सामाजिक अध्ययन लगायतका विभिन्न विषयहरु शिक्षा नियमावली अनुसार सामाजिक विषय अन्तर्गत नै राखिएका हुन्छन्। जहाँसम्म नि.मा.बि. विषयका कुराहरु छन्, ती सबै निवर्तमान प्र. अ.जनार्दन श्रेष्ठको कार्यकालमै भएका घट्नाहरु हुन्। यसमा मेरो कुनै सरोकार छैन।

**२) निमित्त प्र.अ. सम्बन्धमा :**

मैले २०७१ चैत्र १३ गतेसम्म बाघभैरव मा.बि (चम्पादेबी) मा नियमित कार्यरत हुँदै चैत्र १५ गते कीर्तिपुर मा.बि.मा मा.बि. द्वितिय श्रेणी शिक्षकको रुपमा सरुवा भैआएको हुँ। सो कुरा बाघभैरव मा.बि. तथा कीर्तिपुर मा.बि.को शिक्षक हाजिरी पुस्तिका हेरे छर्लङ्ग हुन्छ।

**३) नियमपूर्वक तथा विवेकपूर्ण सरुवा :**

निसन्देह कीर्तिपुर मा.बि. कीर्तिपुर नगरपालिका क्षेत्रकै ऐतिहासिक शैक्षिक संस्था हो। यस विद्यालयमा म आफै पनि अध्ययन गरेको हुँ। आफ्नो अध्ययन पश्चात म आफैले करिव ५ वर्ष सोही विद्यालयमा अध्यापन गरेको थिएँ। र त्यसपछि त्यस विद्यालयको स्रोतव्यक्तिको रुपमा समेत कार्य गरेको थिएँ। त्यसकारण सो विद्यालयको समस्या, चुनौती र संभावनाहरु बारे म पूर्णरुपमा अवगत छु। मेरो नियुक्त पूर्व सोही विद्यालयका शिक्षक, अभिभावक, शिक्षाविद र समाजका लव्धप्रतिष्ठित व्यक्तिहरुको अमूल्य सुझावको कदर गर्दै जिल्ला शिक्षा कार्यालय काठमाडौंले सम्बन्धित विद्यालय निरिक्षक र स्रोत व्यक्तिको सिफारिस अनुसार नियमपूर्वक तथा विवेकपूर्णरुपमा नै नियुक्त गरिएको हो।

**४) गणित शिक्षकको सम्बन्धमा :**

निवर्तमान प्र. अ.जनार्दन श्रेष्ठको अवकासपछि पनि गणित विषयको नियमित पठन(पाठनमा कुनै बाधा अवरोध भएको छैन। सोही विद्यालयमा कार्यरत गणित शिक्षक रबि महर्जनले नियमित रुपमा सो विषयको अध्यापन गर्दै आउनु भएको छ। म कीर्तिपुर मा.बि.मा आउनु पूर्व कुनै शिक्षक बैठक नभएको भए त्यो मेरो चासो वा सरोकारको विषय हुँदैन। बरु म सो विद्यालयमा नियुक्त भएपछि २०७२ बैशाख ३ गते शिक्षक बैठक राखेको थिएँ।

**५) मा.बि. शिक्षक दरबन्दी सम्बन्धमा :**

सामुदायिक विद्यालयहरुले गुणस्तरीय शिक्षा प्रदान गर्नुपर्नेमा कुनै दुईमत छैन। सोही उद्देश्य प्राप्तिका लागि कीर्तिपुर मा.बि.मा निम्नानुसार मा.बि. शिक्षकहरु कार्यरत रहेका छन् :

क) चण्डिका श्रेष्ठ (अँग्रेजी)
ख) पोष्टराज चापागाईं (नेपाली)
ग) रबि महर्जन (गणित)
घ) अंशु मानन्धर (विज्ञान)
ङ) बद्रीप्रसाद खनाल (सामाजिक अध्ययन)
च) मिनबहादर अर्याल (भूगोल) (विषयगत/सामाजिक)
छ) ईन्द्रप्रसाद चापागाईं (जनसंख्या) (विषयगत/सामाजिक)
ज) अष्टमाया महर्जन (लेखा)

माथि उल्लेखित बाहेक विद्यालय सम्बन्धि कुनै चासो, जिज्ञासा वा सन्देह भएमा मसँग सिधै सम्पर्क राख्न सक्नुहुनेछ। र सो विद्यालयको नि.प्र.अ. तथा प्रशासकको हैसियतले म आफ्ना काम कारवाहीहरु बारे पूर्ण रुपमा जिम्मेवारी लिन्छु। साथै सो का लागि सम्पूर्ण शिक्षक, अविभावक, विद्यार्थी लगायत सबैको सहयोगको अपेक्षा गरेका छौं।

**बद्रीप्रसाद खनाल**
नि.प्र.अ.
कीर्तिपुर मा.बि.

गुणस्तरीय निर्माण सामग्रीगरु सुपथ मुल्यमा
हाम्रा सेवाहरु
• डन्डी • बाँस • ईट्टा
• रोडा • बालुवा • सिमेन्ट
सम्पर्क :
बालकुमारी सप्लायर्स
पागा, हनुमानघाट
प्रोप्राइटर सुरेन्द्र महर्जन
फोन : ९८४३९३४५३३, ९८०३५२३७५७, ४३३५४७६

# हार्दिक श्रद्धाञ्जली

जन्म:
२००० साल
मंसिर



स्व. माणिक लाल महर्जन

निधन:
२०७२ बैशाख १२

जन्म:
१९८१ साल



स्व. हिरा थकुं महर्जन (हेकुँ)

निधन:
२०७२ बैशाख
१२

यस सहकारी संस्थाका संस्थापक सदस्य तथा लेखा व्यवस्थापक की.न.पा. वडा नं.१० पाँगा लाछी निवासी **माणिक लाल महर्जन (मानदाइ)** ७२ वर्ष तथा उहाँका ममतामयी आमा **श्रीमती हिरा थकुँ महर्जन (हेकुं)** ९१ वर्षको उमेरमा हालै गएको महाभुकम्पमा आफ्नै निवास भत्किएर थिचिएर असामयिक निधन हुनुभएको आज **बाह्रौं दिनको** पुण्य तिथिको अवसरमा दिवंगत आत्माहरुको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा उहाँका परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

## शुभसेवा बचत तथा ऋण सहकारी संस्था लि.

कीर्तिपुर –९, पाँगा ढोकासी
फोन नं. ४३३६७०८

# हार्दिक श्रद्धाञ्जली

जन्म:
१९९१ मंसिर ४ गते



स्व. बासुदेव महर्जन

निधन:
२०७२ बैशाख १२

यस समाज कल्याण तथा आर्थिक उन्नति कोष (SWEPT) पाँगाका सदस्यद्वय नन्दकुमार महर्जन र मधुकर महर्जनका पुज्यनीय पिता की.न.पा. वडा नं.११ पाँगा लखु निवासी **बासुदेव महर्जन** ८१ वर्षको उमेरमा हालै गएको महाभुकम्पमा परी असामयिक निधन हुनुभएको आज **बाह्रौं दिनको पुण्य तिथिको** अवसरमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा उहाँका परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

## समाज कल्याण तथा आर्थिक उन्नति कोष

Social Welfare & Economic Progress Trust Panga

कानुनी सल्लाहकार
ज्ञानबहादुर महर्जन
प्रकाशक
नजरराम महर्जन
(९८४१४०१०७७)
सम्पादक
श्रीकृष्ण महर्जन
प्रवन्धक
निरजमान सिंह
व्यवस्थापन
भरत महर्जन
वेभसाइट व्यवस्थापन
राज श्रेष्ठ
प्रेस: शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं
कार्यालय: निखासी टोल: कीर्तिपुर नपा-३
फोन नं.: ४३३३००७
kirtipur_sandesh@live.com
http://kirtipursandesh.blogspot.com
काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

## सम्पादकीय

# मानविय सेवामा दलिय भावना आउनु हुँदैन

**२०७२ बैशाख १२ गते शनिवार नेपालमा ७.९ रेक्टरको महाभूकम्प भयो । जसले गर्दा अहिलेसम्म ७५५७ जनाको ज्यान गइसकेका छन् । १४,३५५ जना घाइटे भएका छन् । लाखौं घरहरु नस्त भएका छन् । लाखौं मानिसहरु घरवार विहिन भएर सडकमा बस्न बाध्य बनाइएको छ ।**

**यस्तो विपद्को घडीमा एउटा नेपालीलाई परेको दु:ख हामी हरेक नेपालीको साझा दु:ख हो । त्यसैले भूकम्प पीडित हरेक नेपालीको उद्धार, राहत पुनर्वास र पुनर्जीवनका लागि आफूले सक्दो सहयोग गरी सच्चा नेपालीको परिचय दिने अवस्था आएको छ ।**

**महाभूकम्प आएका कारण घर भत्केर, चर्केर र डरले घरमा बस्न डराएर मानिसहरु खुल्ला चौर, खेतवारीमा बास बस्न थालेका छन । यी विस्थापित मानिसहरुलाई सहयोग गर्न विभिन्न संघ संस्था, दातृ निकायहरुले सहयोग गरिरहेका छन् । त्यसरी प्राप्त सहयोगमा विभिन्न राजनैतिक पार्टीहरुले दलिय भावनाले अभिप्रेरित भई आफ्ना मान्छे छानी छानी सहयोग गरिरहेका छन् । कोही पनि नभएका र पार्टीमा आवद्ध नरहेका मानिसहरुले राहत सामाग्री नपाएका गुनासाहरु निकै सुन्नमा आइरहेका छन् । यस्तो विपतको बेला पनि दलिय भागबन्डा गर्नु मानविय दृष्टिकोणले न्यायपूर्ण छैनन् । असली पिडित को हो एकिन गरेर पिडितलाई सहयोग गर्नु पर्छ । घर भइकन पनि अलिकति चर्कदाँ पनि घरमा नबसी चौरमा बसेर राहत सामाग्रीमा आँखा गाड्नु कुनै पनि किसिमको नैतिकताले दिँदैन । मानिसको सम्पत्ति नै नैतिकता हो ।**

# गजल शौरभ शाक्यया

गजल-४१
लुफिँ हाका जुयां ग्वमतु छकहे
य:म्ह लँय् गनं ध्वमदु छकहे ।

सुर्दो व तिमिला नापं मच्वंसाँ
जीवन छं जित: त्वमतु छकहे ।

ज्या यानाजुया हि च:ति पिकया
अयसां नुग:गुबलें क्वमतु छकहे ।

ध्याचलय् तूक: तूक: न्यासिजुयानं
पला:जिगु गुबसं च्वमतु छकहे ।

वइत गुलि य:स्वस्वं मगा जि
यल धका: वं स्वया न्वमतु छकहे ।

# मैले सुने देखेका कुरा



**रामभोला महर्जन,** पाँगा

नेपाल हल्लै हल्ला हुने देश हो । त्यस्ते नेपालमा भूकम्प आउँछ रे भन्ने हल्ला नभएको पनि होइन । हल्ला भएको केही वर्षसम्म भूकम्प सम्बन्धि गोष्ठी, ट्रेनिङ्ग पनि संचालन भएको थियो । तर धेरैजसो नेपालीहरुलाई यसको विस्वास भने त्यति लागेको थिएन । जुन २०७२ साल बैशाख १२ गते शनिवार विहान ११ बजेर ५६ मिनेटमा ७.९ रेक्टर स्केलको भूकम्प आयो । यसले धेरै घर, टहरा, स्कुल, महल भत्केका छन्, चर्केका छन् । साथै आजसम्म मृत्यु हुनेहरु सात हजार पाँच सय नाघिसकेका छन् अझ बढ्न सक्ने अनुमान गरिएका छन् । घाईतेहरुमा साढे चौधहरुभन्दा बढी रहेका छन् । यो ठूलो मानविय तथा आर्थिक क्षति हो । यसको असरले गर्दा गरीब जनता झन गरीब हुने निश्चित छ । त्यसैले यसको जिम्मेवारी जवाफदेहीता, गाँसबासको व्यवस्था कसले लिने ? सरकार ले ? जनताले ? यसको जवाफ कसैसँग छैन ।

सरकार त लाचार भएर अरुदेशहरुसँग हार गुहार गर्न थालेका छन् । आएका सहयोगहरुलाई पनि व्यवस्थित रुपमा वितरण गर्न नसकेर कहिले वडा सचिवबाट त कहिले पार्टीका कार्यकर्ताहरुबाट वितर ण गर्ने हल्ला फिजाएर पिडित परिवारलाई झन दु:ख दिन्छ । यो कतिको जायज हो । विदेशीहरुले पनि सहयोगको नामबाट हाम्रो सम्पदामा पुरातात्विक वस्तुहरुमा आँखा नलगाउला भन्न सकिन्न । सुन्नमा आए अनुसार हाम्रा विदेश मन्त्रीले मित्रराष्ट्रका सेनाहरुलाई फिर्ता जान भन्दा पनि नमानिकन बसिर हेका छन् रे । यो हाम्रो लागि शुभ संकेत होइन ।

सरकारलाई भूकम्प आउँछ भनेर थाहा नभएको पनि होइन, थाहा भएर पनि बुझ पचाएर चुप लागेर बसिरहेकाले यस्तो हालत भएको हो भन्नै पर्छ किनभने गैर सरकारी निकायहरुले धेरै वर्ष पहिलेदेखि नै नेपालमा भूकम्पको खतरा छ भनेर सचेत गराएका थिए । तर विचरा गरीब जनताहरु त्यसतर्फ ध्यान दिन कहिले फुर्सद छ र ? जहिले पनि गाँस र बासको पिरलोले सताईरहेको हुन्छ । आखिर नचाहँदा नचाहँदै भूकम्प आइ त हाल्यो । अब पुर्पुरोमा हात राखेर केही हुनेवाला छैन । मृत्यु हुनेहरुको र घाईते हुनेहरुको संख्या दिनपर दिन बढीरहेका छन् । किनभने सबै ठाउँमा उद्धार टीम पुग्न सकेका छैनन् । अबको हाम्रो काम भनेको सबै ठाउँमा उद्धार टोली पुगेर त्यहाँको बस्तुस्थिति बुझेर नेपालीहरुको ज्यान बचाउने, घाईतेहरुलाई औषधोपचार पुऱ्याएर मानविय सहयोग प्रदान गर्ने हो तर फेरि ठूलो भूकम्प आउने डरले घरमा रात बिताउन डराई आम नेपालीहरु घर बाहिर पाल हुनेहरुको पालमा, पाल त्रिपाल नहुनेहरु खुल्ला आकाश मुनि सुत्न बाध्य छन् । यस्तो गर्मीमा लामखुट्टे, सर्प, भुसुना र जंगली किराले हैरान पारेको छ । र लामखुट्टे भुसुनाले टोकेर निदाउन नसकेका धमाधम विरामी पर्न थालेका छन् । जसले गर्दा धन जन गुमाएका गरीब जनतालाई दु:ख माथि दु:ख थपेको छ ।

**आखिर गरीव जनतालाई दु:खमाथि दु:ख किन हुन्छ ?**

सन् १९६० मा चिल्लीमा ९.५ रेक्टर स्केल भूकम्पले त्यहाँका ५ हजार जनताको मृत्यु भएका थिए । त्यसको ४ वर्षपछि सन १९६४म अमेरिकाको अलास्कामा ९.२ रेक्टर स्केलको भूकम्प जाँदा १२८ जनामात्र अमेरिकनको मृत्यु भएका थिए । त्यस्तै सन २०१० मा हाइटीमा ७ रेक्टर स्केलको भूकम्पले ३ लाखभन्दा बढी मानिसको मृत्यु भएका थिए । त्यही वर्ष ७.२ रेक्टर स्केलको भूकम्पमा न्युजिल्याण्डमा कसैको पनि ज्यान गएन । यो त भयो विदेशको कुरा अब हाम्रो मुलुकमा नै वि.सं.१९९० को भूकम्पमा काठमाडौंमा मात्र ९ हजार जतिको ज्यान गएका थिए तर यसपाली भने काठमाडौं लगायत भक्तपुर, ललितपुर, सिन्धुपाल्चोक लगायत धेरै ठाउँमा भूकम्प गयो । यो क्षेत्रमा भूकम्पले बढी असर पार्नुका कार ण अनुसन्धान गरेको खण्डमा त्यसको प्रमुख कारणहरु मध्ये गरीवी, अशिक्षा त्यसमाथि भगवान भरोसा हुनु पनि प्रमुख कारण हुनसक्छ । भूकम्पको क्षतिलाई न्यूनिकरण गर्न गरीव मुलुकहरुमा साधन र श्रोत हुँदैन । तर नेपालको परिप्रेक्षमा यो लागु नहुन पनि सक्छ । किनभने नेपाल गरीव देश भन्न नसक्ने अवस्था छ । हामीले सुने अनुसार हाम्रो विकास बजेट खर्च गर्न नसकेर फ्रिज भएको सुन्नमा आएको छ । यसको प्रमुख कारण असक्षम र राजनैतिक पार्टीहरुद्वारा देश चलाउनु पनि एक हो । जसको प्रमाण यस्तो गम्भीर अवस्थामा पनि काँग्रेस एमाले सरकार एउटै द्वार राहत कोषको घोषणा गर्नु र त्यसपछि केही दिनमै फेरि काँग्रेस, एमाले र एमाओवादी बैठक बसी त्यसलाई संशोधन गर्नु होइन र ? अहिलेको मुख्य समस्या भनेको नै समस्यालाई बर्गिकरण गरेर उचित व्यवस्थापन गरी गरीव जनतालाई राहत दिनु हो । जसको बस्नलाई घर छैन, खानलाई अन्न छैन । उनीहरु र हतको लागि सरकारसँग राहत माग गर्न छाडेर भगवान पुकारी रहेका छन् । हे भगवान हामीलाई मात्र यस्तो दु:ख किन घरि घरि आइरहन्छ ? जो टाठाबाठा छन् जसको घर नै दुई तिनवटा छन् । उनीहरुको पुरानो घर भत्क्यो होला, उनीहरु नै संघ संस्थाबाट दिएको राहत थाप्न अगाडि आउँछन् । कोही बुद्धिजीवि भनाउँदाहरु घर नभत्के पनि त्रिपाल सित्तैमा दिएको खबरले त्रिपाल माग्न पछाडि पर्दैनन् । कोही इन्जिनियर भनाउँदाहरु पनि कोही व्यक्तिद्वारा साँझ ५ बजे भूकम्प आउँछ भनेर हल्ला फिजाएको भरमा परी अर्काको गहुँबारी बीचमा बसेर ध्यान गर्न पछि पर्दैनन् । यस्ताहरुबाट समाजले के सिक्ने ? सोझा इमान्दार गाउँलेहरुलाई कसले बुझाउने ? मन दु:खले भरेर आउँछ । उहाँहरुलाई म के सल्लाह दिन चाहन्छु भने तपाईहरु एकचोटि छातीमा हात राखेर सोच्नुहोस् । म भन्दा पिडित कोही छ भने उहाँहरुलाई पहिला प्राथमिकता दिने कि ? सक्छौं भने पिडितलाई राहत दिनु सक्दैन भने पिडितलाई काममा सहयोग गरौं । त्यो पनि सक्दैन भने चुप लागेर बसौं । तर पिडितलाई दु:ख दिने अधिकार तपाईसँग छैन । होस गर्नुस् मानिसहरुले तपाईहरुलाई नियालेर हेरिरहेका छन् ।

अब भूकम्पबाट हुने क्षति न्युनिकरण कसरी गर्ने भन्ने बारे : भूकम्प कहिले कहाँ र कसरी आउँछ भन्ने पूर्व अनुमान गर्न अहिलेसम्म कसैले गर्न सकेका छैनन् । तर हामी पूर्व तयारी गर्न सक्छौं ।

१) स्रोत परिचालन गरेर : प्राकृतिक विपतिबाट बच्न आफुसँग भएको श्रोत साधनलाई हदसम्मै संचालन गरेर बच्न सक्छ । जस्तो: आफूसँग भएको रेडक्रसका सामान त्रिपाल, पाल, लत्ता कपडा औजार, औषधि अन्न पानी आदि सामानहरुलाई ठाउँ ठाउँमा राखी यसलाई कसरी प्रयोग गर्ने भन्ने जनचेतना विकास गरी प्राकृतिक विपतिको समयमा केही मात्रामा न्यूनिकरण गर्न सकिन्छ । २) भूकम्प प्रतिरोधात्मक घर निर्माण गरेर : घर बनाउँदाखेरि सकेसम्म प्रतिरोधात्मका घर निर्माण गर्न लगाउने । ३) व्याप्त भ्रष्टाचार लाई न्यूनिकरण गरेर गरीव देशमा हुने भ्रष्टाचार लाई कानुनी रुपमै निकै कडा कानुन बनाई व्यापकरुपमा लागु गरेर त्यसबाट बचेको पैसालाई जनसाधारण र स्रोतमा खर्च गरेर तर नेपालको परिवेशमा यो एक किसिमको चुनौति नै बनेको छ । हिजो चप्पल लगाएका नेताहरु, जंगलमा बसेका नेताहरु जनताको आँखामा छारो हाल्न जबसम्म सक्षम हुन्छ तवसम्म नेपाली जनताले दु:ख नै पाइरहने निश्चित छ त्यसकारण जनता स्वयम जागरुक भएर भ्रष्टाचारी नेताहरुलाई बहिस्कार गरेर । त्यस्तै धर्ममा जन विश्वासलाई घटाएर जस्तो चतुर बाहुन, शामन्ती राजा, महाराजाहरुे प्राकृतिक विपतिलाई पनि भगवानको सजाय हो भन्ने भ्रम फिजाई राखेकोलाई पनि अझसम्म हटाउन सकेको छैन । त्यसलाई शिक्षा र चेतनाद्वारा मानिस सबै बराबर यहाँ ठूला वडा र निच शुद्र भन्ने छैन । धर्म भनेको आस्था हो समानता हो । धर्मको नाममा कसैले छलकपट गर्न पाईदैन । सबैलाई शिक्षा र रोजगारीको ग्यारेन्टि दिएर भूकम्प फेरी फेरी पनि आउन सक्छ भनेर पूर्व तयारी गरेर मानिसहरुको के विश्वास छ भने एकचोटी ठूलो भूकम्प आए पछि फेरि आउँदैन भन्ने विश्वास गरेर बसेको हुन्छ तर त्यो होइन भूकम्प एक प्राकृतिक प्रकृया हो । यसलाई न त कसैले रोक्न सक्छ न त छेक्न नै सक्छ । यो कुनै पनि बेला जहाँसुकै आउनसक्छ । जे नहुनु पर्ने त्यो भयो भयो । अब त्यसलाई कसैले नकार्न सक्दैन । अब भईसकेको प्राकृतिक विपत्तिलाई कसरी व्यवस्थापन गरेर पछिसम्म यसलाई व्यवस्थित गरेर लैजाने भन्ने प्रमुख कुरा भयो ।

सम्पर्क फोन नं. ९८४९०२८९९९

# महाभूकम्पमा यस्तो पनि देखियो



यो कीर्तिपुर नगरपालिका वडा नं.९ शहिदपथस्थित दिलबहादुर महर्जन (थकाली) को नयाँ ५ तल्ले घर हो। घर बनाउन दुई वर्ष लागेको थियो । तर गत बैशाख १२ गते आएको महाभूकम्पले एकैछिनमा ध्वस्त पारी दियो । महाभूकम्पमा परी यो घर एक तल्ला जमिनमा धसेर दक्षिणतिर ढल्केको थियो। यो सबैको लागि अचम्मको कुरा भयो। हेर्न आउनेहरुको घुईंचो लाग्न थाल्यो।

सो घर कुनै पनि बेला ढल्न सक्ने, अत्यन्त चल्तिरहेको बाटोमा परेकोले भूकम्प गएको चौथो दिन डोजर ल्याई त्यस घर को पश्चिमतिरको पिल्लर काटेर पश्चिमतिर खाली रहेको जमिनमा सुताएको जस्तो गरी भत्काएको थियो। जसले गर्दा कुनै मानविय क्षति हुन पाएन। भूकम्प प्रतिरोधात्मक तरिकाले एक वर्ष पहिलेमात्र बनाएको घर भत्किंदा यसको दोष कसलाई दिने ? नगरपालिकाबाट नक्सा पनि पास गराएको थियो।

यसबाट अब हामीले के बुझ्नु पर्छ भने घरको तल्ला धेरै बनाउनु हुँदैन। घर बनाउनु भन्दा अगाडि त्यो जमिन र माटोको परिक्षण गर्नु पर्ने देखिन्छ। की.न.पा वडा नं.१७ नयाँबजारस्थित टाउनप्लानिंगमा बनेका ठूलठूला घरहरु पनि अलि अलि जमिनमा धसेको र चर्केको देखिन्छ। यसबाट हामीले के बुझ्नु पर्छ भने अबदेखि घर बनाउनुभन्दा अगाडि जमिनको माटो परिक्षण गरेर कति तल्ला बनाउन हुने नहुने बुझेर मात्र घर निर्माण गराउनु पर्ने देखिएको छ।



यो की.न.पा. वडा नं. ११ पाँगा धुसिटोलस्थित सानु महर्जनको घर हो। जहाँ महाभूकम्पले अगाडिको भाग बाहेक पूर्णरुपमा भत्केको थियो। दिउँसो टिभी. हेरिरहेका ४ जना बालबालिकाहरु लगायत सानुको श्रीमती पनि घरले पुरिएका थिए।

छिन छिनमा भूकम्प आइरहे पनि धुसिटोलवासी र आफन्तहरुले ज्यानको बाजी राखेर पाँचै जनालाई उद्धार गर्न सफल भएको थियो। यदि सरकारी राहत टोलीको पर्खाइमारहेको भए एकजना पनि जिवित बच्ने थिएन।

नेपाल रेडक्रस सोसाइटी र लुमन्तीले भूकम्पको प्रकोपको बेला कसरी उद्धार कार्य गर्ने भन्ने तालिम दिइएको र धुसिटोलमै ११ नं.वडाको सामान रहेकोले हेलमेट लगाएर ढोकाबाट छिर्न नमिल्ने भएपछि भऱ्यांग लगाएर उद्धार टोली झ्यालबाट पसेका थिए। माथिबाट देखिएकाहरुलाई त तुरुन्तै उद्धार गरियो। तर तल दबिएकाहरु बारे थाहा पाउन नसकेपछि कता परेको छ भन्ने थाहा पाउन माथिबाट पानी खन्याए। पानी बच्चाहरुसम्म पुग्दा बच्चाहरु कराएको स्वर सुनेर उद्धार गर्न सफल भएको हो। पुरानो घर दलिनले छेकेर बचाएको कारण खासै घाइते भएन र सकुशल उद्धार गर्न सफल भयो।

# कीर्तिपुरवाट संचालित नेवाः एफ एम १०६.६ पनि बन्द



यो कीर्तिपुर वडा.नं. २ न्यामसिम्हास्थित नेपालभाषा एकेडेमी द्वारा संचालित एकमात्र नेपालभाषाको नेवाः एफ.एम १०६.६ प्रसारण हुने कोठा हो।

बैशाख १२ गते आएको महाभूकम्पबाट नेपालभाषा एकेडेमीको भवन पनि अछुतो रहेन। भवनको ठाउँ ठाउँमा चिरा परेपछि र एफ.एम. संचालन गर्ने कोठा नै ठाउँ ठाउँमा चर्किएको छ। जसको कारण नेवाः एफ एम प्रसारण पूर्ण रुपमा रोकिएको छ। सबभन्दा बढी क्षति भएको स्टुडियो रहेको छत नै खतरा पूर्ण देखिएको छ।

कीर्तिपुरवाट संचालन भइरहेको पूर्ण रुपा नेपालभाषामा नै संचालन भइरहेको उपत्यकाको आदिवासी नेवार समुदायको गौरवको रुपमा रहेको एउटै मात्र एफ एम नेवाः एफ एम बैशाख १२ गतेदेखि बन्द रहेको अवस्था छ। प्राविधिक टोलिको परिक्षण पश्चात मात्र नेवाः एफ एम संचालनको विषययमा टुंगोल लागाउने नेवाः एफ एमका स्टेशन म्यनेजर शान्तराज शाक्यले बताउनु भएको छ।

"Quality Education is our Commitment."

MAGUS ENGLISH SCHOOL

Kirtipur-17, Nayabazar, Phone No. 4-333096

Announces

Admission Open For the Session-2072



Class-9
To
From Playgroup

Limited Seats are available!

Salient Features
- Led by professional academic team
- Theme based project work
- Child friendly environment
- Various co-curricular activities and educational outing
- Safe transportation
- Hygienic day meal and snacks
- Audio-Visual and e-classes
- Spacious playground
- Music, dance, sports & art classes
- Day Boarders (Proposed)

Forms and Prospectus are being distributed from school's office!

# हार्दिक श्रद्धाञ्जली

जन्मः
२०४२/३/१४
निधनः २०७२
बैशाख १२
स्व. वसन्त महर्जन



जन्मः
२०४५/९/२६
निधनः २०७२
बैशाख १२
स्व. रुकमणि महर्जन

हाम्रा भन्जा बसन्त महर्जन र भान्जीबुहारी रुकमणी महर्जनको २०७२ बैशाख १२ गते भएको विनाशकारी महाभुकम्पमा परा असामयिक निधन भएको आज बाह्रौ दिनको पुण्यतिथिमा दिवंगत आत्माहरुको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा उहाँका परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

समवेदना प्रकट गर्नेहरु
मामा/ माइजु : अशोक महर्जन/ रत्नमाया महर्जन
मामा/माइजु : भीम महर्जन/रिता महर्जन
दाजु/भाउजु : जयनेपाल महर्जन/अन्जली महर्जन
दाजु/भाउजु : भोला महर्जन/ सुनकेशरी महर्जन
दिदी/भिनाजुः जयन्ती महर्जन/राम महर्जन
सानी आमा/मामाः दुर्गा महर्जन/केशलाल महर्जन
भाइ/बुहारीः रिक्की महर्जन/विना महर्जन
भाइ/बुहारीः केशाल महर्जन/कविता महर्जन
भाइहरु :–बिकेन महर्जन, प्रज्ञा महर्जन, राज महर्जन, अभिनय महर्जन, आरोहण महर्जन, स्वर्णिम महर्जन
बहिनीहरुः तिमिला महर्जन, शोभाना महर्जन, केन्जल महर्जन, जयिष्णु महर्जन

## की. न.पा. वडा नं.९ कार्यालयमा तालाबन्दी



गत बैशाख १२ गते शनिवार आएको ७.९ रेक्टर स्केलका विनाशकारी भुकम्पबाट की.न.पा.वडा.नं.९ का सयौं घर हरु क्षतविक्षत भएका छन् । भुकम्पमा परी दुई जनाले ज्यान गुमाएका छन् ।

हजारौं मानिसहरु प्रभावित भएका छन् । हालसम्म पनि वडावासीहरु विचल्लीमा परिर हेका छन् ।

यस्तो अवस्थामा पनि वडा नं.९ का सचिव कविर महर्जनले वडावासीहरुको पीर-मर्कामा कुनै पनि चासो लिएको देखिदैन ।

कयौं वडावासीहरु खुल्ला चौरमा सुत्नु परेको र भोक भोकै बस्नुपर्ने अवस्थामा रहेका छन । राहत बाँड्न आउनेहरुले राहत बुझ्नको लागि वडा सचिवलाई खोज्छन् । तर पनि वडा सचिवले कुनै चासो नदेखाएको हुनाले तालाबन्दी गरिएको जनाएको छ ।

स्मरणीयरहोस् वडा नं ९ मा वडा सचिवको सहयोग विना नै विपद व्यवस्थापन समिति र राजनैतिक संयन्त्रको सहयोगमा पाँगामा चारैवटा वडामा राहत वितरण र व्यवस्थापनको काम भइरहेको छ तर पनि वडा सचिवको अनुपस्थितिमा थुप्रै कामहरु गर्न अप्ठ्यारो भइरहेको छ ।

यस्तो विपदको अवस्थामा चौबिसै घण्टा खट्नु पर्ने राष्ट्र सेवक भनाउँदा सरकारी कर्मचारीहरुको वेवास्ताको कारण स्थानीयवासी हरु रिसाउनु स्वाभाविक हो ।

## महाभूकम्पमा परी की.न.पा.मा ज्यान गुमाएकाहरुको नामावली

महाभूकम्प २०७२ मा कीर्तिपुर नगरपालिका क्षेत्रभित्र ज्यान गुमाउनु हुनेहरुको कीर्तिपुर नगर पालिकाबाट प्राप्त नामावली यस प्रकार रहेका छन् ।

१. वडा.नं. १. रोजिना गुरुङ्ग-१४, ताप्लेजुङ्ग नाङ्गखोल्याङ्ग –ट्याङ्गलाफाँट डेरामा बस्ने

२. वडा.नं.२. मेनुका थापा मगर-२४ रसुवा बेत्रावती १ – मैत्री नगर डेरामा बस्ने

३. वडा.नं.६ बसन्त महर्जन-२८ चाफल ४.वडा.नं.६ रुक्मिणी महर्जन-२६ चाफल, गुथमा निधन ५.वडा.न.६ सविना महर्जन-३३, कुटुसाल ६. वडा.नं.७. आसोना लामा-१महिना नुवाकोट, ककनी ५ डेरामा बस्ने, ७. वडा.नं.७. रुपेन तामाङ-२१, गोर्खा जिल्ला डेरामा बस्ने ८. वडा.नं.८ सुन्तली तोलाङ्ग-५३ टुसाल, वनेपामा आफन्तको घरमा गएको बेला, ९.वडा नं.१० पाँगा माणिकलाल महर्जन-७२, १०.वडा.नं.१० हिराथकुँ महर्जन-९१ पाँगा, ११.वडा.नं.११.लखु आशालाल महर्जन-८४, १२. वडा.न.११ लखु बासुदेव महर्जन-७५, १३.वडा.नं.११ लाछि जीवन महर्जन-४५, १४. वडा.नं.११. लखु हरिशरण महर्जन -६१, १५.वडा.नं.११. लखु सुस्मा महर्जन -१४, १६. वडा.नं. ११ लखु सुमेरा महर्जन-६ महिना १७.वडा.नं.११ डेरामा बस्ने सितामाया तामाङ्ग-१९ मकवानपुर, १८. वडा.नं.११. डेरामा बस्ने सरिना बन्जन-५ सिन्धुली, १९.वडा.नं.११ डेरामा बस्ने संजिव श्रेष्ठ-१६ काभ्रे, २०. वडा.नं. ११ डेरामा बस्ने अस्मिता तामाङ्ग-१३, भक्तपुर, सुडाल ४, २१. वडा नं.१२ दथल आरोहण सिंह-७, २२. वडा नं. १२ डेरामा बस्ने कमला लामा -८ मकवानपुर, २३.वडा नं.१२ डेरामा बस्ने आदित मोक्तान-९ महिना २४.वडा नं.१४ गुठ चोभार सुजिना महर्जन-१२, २५. वडा नं. १४ गुठ चोभार नानीकाजी महर्जन- ४५, २६. वडा नं. १४ गुठ चोभार उर्वशी महर्जन -११, २७. वडा नं.१४ गुठ चोभार गुणमाया महर्जन–८१, २८.वडा नं.१४ गुठ चोभार सामाङ्ग महर्जन- ७, २९.वडा नं.१४ गुठ चोभार न्हुच्छेलाल महर्जन-८२, ३०.वडा नं.१४ गुठ चोभार सविना महर्जन-२०, ३१. वडा नं.१४ गुठ चोभार जोगलाल महर्जन- ६५, ३२. वडा नं. १४ गुठ चोभार मैया महत-८३, ३३. वडा नं.१४ डेरामा बस्ने श्याम वाइवा-३८, ३४. वडा नं. १५ भूतखेल टिकामान सिंह बस्नेत-८१, ३५.वडा नं.१५ भूतखेल मखमली बस्नेत-७०, ३६. वडा नं. १५ चुईगाउँ राम महर्जन- ८५, ३७. वडा नं.१५ चारघरे पुश्कर बुढाथोकी, ३८. वडा नं. १५ लनगोल निहारिका महर्जन-९, ३९. वडा नं.१५ पाण्डेछ्राप कुबेर थापा मगर, ४०. वडा नं. १६ नगाउँ सार्थक माली- १२, धरहरामा परी निधन भएको, ४१. वडा नं. १७. डेरामा बस्ने आकृति निरौला -२१ भोजपुर रानीबास ७, यसरी पुरुष १९ र महिला २२ जनाको निधन भएको छ ।

दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । सार्थ शोकसन्तप्त परिवारजनले धैर्य धारण गर्न सकोस भनि कामना गर्दछौं ।

–कीर्तिपुर सन्देश परिवार

# पाँगामा विनासकारी भूकम्प

# महाभुकम्प पछि कीर्तिपुर क्षेत्रमा क्यामराको नजरमा......................



यो घर की.न.पा. वडा नं. ११ लखुस्थित हरिशरण महर्जन (जानां) बसेको घर हो। जहाँ उहाँसहित उहाँका दुई नातिनीहरु पनि डबेर निधन भएका थिए। त्यही घरको मुनि आँगनमा बसिरहनु भएका आशालाल महर्जन र बासुदेव महर्जन दुई जना पनि पुरिएका थिए।



कीनपा वडा नं.१२ दथलस्थित विष्णुहरि महर्जनको घर पुरै भत्किएको थियो। जुनबेला भूकम्प आयो त्यसबेला घरका मानिसहरु घरमै बसिरहेका थिए। भूकम्पले घर हल्लाउन थालेपछि घरको पछाडिबाट भागेर ज्यान जोगाएका थिए। यदि पछाडिबाट निस्कने ठाउँ नभएको भए सबैजना पुरिने सम्भावना थियो। यस घर भत्केर आँगनमा राखिएको मोटरसाइकल पुरिएको थियो। एक हप्तापछि भग्नावशेष हटाएर मोटरसाइकल निकालिएको थियो।



कीर्तिपुर वडा नं.३ स्थित चिथूमा रहेको नारायण कृष्ण कपाली र इच्छा कपालीको पूर्ण ध्वस्त घर। जुन घरमा इच्छाको श्रीमती सम्भना कपाली र छोरा इसायू कपाली पुरिएका थिए। स्थानीयवासीले तुरुन्तै उद्धार गरिएका थिए।



पाँगा लाछि भुजिन्दमा रहेको मानिकलाल महर्जनको घर जहाँ मानिकलाल महर्जन र उहाँको आमा हेराथकुँ महर्जन दिवंगत हुनु भएको थियो। मानिकलालको श्रीमती, छोरा बुहारी र नातीलाई जिवितै उद्धार गरिएका थिए।



कीर्तिपुरको सम्पदाको रुपमा रहेको चिलंचोमा भूकम्पमा क्षति पुऱ्याएको केही भाग। सो क्षेत्रमा राजमान बज्राचार्यको घर पनि भत्किएको थियो। ल्वहँदेग:मा पनि केही चर्किएको छ।



की.न.पा. १४ गुठमा पुरा गाउँ नै सखाप भएको ठाउँ, जहाँ १० जनाले ज्यान गुमाएका थिए।

*www.creativeacademy.edu.np*

**ADMISSION OPEN!!!**

Creative Academy proudly announces the New Admission for the Academic Session 2072 B.S.

From Play Group to Class Six for the limited Seats.

Forms are being distributed from School Office.
(10:00 AM - 4:00 PM)

**Creative Academy**

Nayabazar, Kirtipur
Phone No : 4334123, 4336107





महाभूकम्पको विपतिमा कीर्तिपुरमा रहेका विभिन्न पार्टी प्यालेस र क्याटरिंग व्यवसायीहरुले आफ्नो त्रिपाल, पाल र प्यालेसभित्र आश्रय दिएका छन । यसरी आश्रय दिनेहरुमा नयाँबजारस्थित कृष्ण क्याटरिंगका कृष्णभक्त महर्जनले एक हप्तासम्म कुनै सरकारी गैर सरकारी सहयोग विना १७३ जनालाई आश्रयको साथै खानपिनको व्यवस्था पनि मिलाइएको थियो । त्यस्तै पाँगास्थित ए वान पार्टी प्यालेसले ६ सय जनालाई आश्रय दिइएको थियो । पाँगा पार्टी प्यालेसका नविन श्रेष्ठले ठूलठूला त्रिपालहरु ४ वटा टाँगेर करीव ५ सय जनालाई आश्रय दिएको थियो । त्यस्तै नगाउँस्थित बाघ भैरव बैंक्वेटले पनि आफ्नो परिसरमा ४ सय जनालाई आश्रय दिइ सहयोग गरिएको थियो । कीर्तिपुर नयाँबजारस्थित स्वयम्भू क्याटरि गले पनि पाल दिई सहयोग गरिएको थियो ।



की.न.पा. वडा नं.१२ इचाखेलस्थित जनसेवा उच्च मा.वि.ले आफ्नो खेलमैदान प्रयोग गर्न दिइ स्कुल भित्र पनि थुप्रै जनालाई आश्रय दिइएको थियो ।गत मंगलबार विहान वि.व्य.स. का सदस्य माधव लाल महर्जनको अध्यक्षतामा श्रद्धाञ्जली सभाको आयोजना गरियो ।

महाभूकम्प २०७२को विनाशकारी भूकम्पमा परी निधन भएका सम्पूर्ण महानुभाव हरुको साथै उक्त विद्यालयका कक्षा ८का सुषमा महर्जन, कक्षा ९ का संजीव श्रेष्ठ, कक्षा ४ का निहारिका महर्जन र इसिडि का सरिना वमजोमप्रति एक मिनेट मौन धारण गरी श्रद्धाञ्जली अर्पण गरिएको थिया



अरनिको समाजले कीर्तिपुर अस्पताल मार्फट की.न.पा. वडा नं.७,८ र १२ का भूकम्प पिडित दलितहरुलाई १०० थान कम्बल वितरण गरिएको थियो । उक्त अवसरमा सभासद राजन के.सी. प्रा.डा. शिवशरण महर्जनले सो कम्बल कार्यकारी अधिकृत नूरहरि खतिवडालाई हस्तान्तरण गर्नु भएको थियो । कार्यकारी अधिकृतले सबैलाई बोलाएर वितरण गर्नु भएको थियो ।

अरनिको समाजले जेष्ठ नागरिकहरुको लागि २० वटा स्लिपिंग ब्याग पनि दिने जनाइएको छ । त्यस्तै लनगोल, क्वार, गाम्चा, इटागोल र गुठ गरी पाँच ठाउँमा प्रत्येक ठाउँलाई ३-३ वटाको दर ले टेण्ट पनि दिने जनाइएको छ ।



गत बैशाख १२ गते आएको महाभूकम्प पछि घर चर्किएर बस्न हुने कि नहुने भनि दोधारमा रहेर घरमा नबसी बाहिर बसिरहनु भएका कीर्तिपुरवासीहरुको सहयोगको लागि कीर्तिपुर इन्जिनियरि ङ्ग सोसाइटीका इन्जिनियरहरुले कीर्तिपुर नगरपालिकाभित्रका घर हरुको निरिक्षण गर्नु भएको थियो । निरिक्षण पश्चात तीन श्रेणीमा विभाजन गरिएको थियो । तुरुन्तै बस्न हुने घरलाई हरियो, मर्मत गरेर बस्न हुने घरलाई पहेंलो र बस्नै नहुने गरी भत्केका घरलाई रातो श्रेणीमा राखेका थिए । घर निरिक्षण पश्चात उहाँहरुले एउटा फाराम पनि भरेका थिए । जुन फाराम नगरपालिकालाई बुझाएर नगारपालिकाभित्र यथार्थ क्षतिको पत्ता लाग्ने जनाइएको छ ।



विपद् व्यवस्थापन समिति वडा नं.१० को संयोजनमा गैर आवासीय नेपाली संघले कीर्तिपुर वडा नं.१० चिखुस्थित क्याम्पमा भूकम्प पिडितहरुको लागि स्वास्थ्य शिविर संचालन गरिएको छ । खगेन्द्र न्यौपाने -एनआरएन मलेशियाको संयोजकत्वमा आएका ३ जना डाक्टरहरु डा. सुमन पौडेल, डा. निरमणी प्रियदर्शि र डा. प्रकाश क्षेत्री, नर्सहरु सारा मगर, रुपा दाहाल, अनमि रिकी लिम्बु, स्थानीय स्वयंसेविका चन्द्रमाया महर्जनले सेवा प्रदान गर्नु भएको हो । साथै भोलियन्टर्सहरुमा गोमा पौडेल, प्रतिक्षा देवकोटा, प्रतिष्ठा देवकोटा र शिशिर सापकोटा रहनु भएको छ ।




घर भत्केर बस्नै नहुनेहरुको लागि स्थायी टेण्टको रुपमा चाइना रेडक्रसले बनाई दिएको तीनवटा पालहरु । सो पाल दथलभन्दा पछाडि गंगाराम महर्जनको खेतमा बनाई दिएका हुन । तीनवटा पालमा प्रत्येकमा १४ जनाको दरले ४२ जना रहेका छन् । सोही ठाउँमा अक्सफामको सहयोगमा लुमन्तिले दुई वटा चर्पि पनि निमांया गरि दिएका छन । घर नभएका प्रत्येकलाई यस्तो पालको व्यवस्था हुनु अति जरुरी रहेको छ ।


# हार्दिक बधाई



**श्याम सुन्दर महर्जन**

यस FED FUND संस्थाका सदस्य एवं हाम्रा आत्मिय साथी **श्याम सुन्दर महर्जन** Panga Secondary Boarding School को Vice Principle बाट Principle मा बढुवा हुनु भएकोमा हार्दिक बधाई दिनुका *साथै* उहाँको कार्यकालको सफलताको कामना गर्दछौं ।

**बधाई दिने साथीहरु:**

१. श्रीमान/श्रीमति नरेन्द्र महर्जन
२. श्रीमान/श्रीमति रामभोला महर्जन
३. श्रीमान/श्रीमति राजन दुवाल
४. श्रीमान/श्रीमति रमेश महर्जन
५. श्रीमान/श्रीमति राजकुमार नकर्मि
६. श्रीमान/श्रीमति शान्तराम महर्जन (नगां)
७. श्रीमान/श्रीमति बुद्धरत्न महर्जन
८. श्रीमान/श्रीमति गजेन्द्र अमात्य
९. श्रीमान/श्रीमति हरिशरण महर्जन
१०. श्रीमान/श्रीमति कृष्णभक्त महर्जन
११. श्रीमान/श्रीमति महेश डंगोल
१२. श्रीमान/श्रीमति नन्दकाजी महर्जन
१३. श्रीमान/श्रीमति रबिन्द्र महर्जन
१४. श्रीमान/श्रीमति राजेन्द्र महर्जन
१५. श्रीमान/श्रीमति राजेन्द्र मानन्धर
१६. श्रीमान/श्रीमति रुकमल श्रेष्ठ
१७. श्रीमान/श्रीमति शान्तराम महर्जन (पांगा)
१८. श्रीमान/श्रीमति शेखर सिं डंगोल
१९. श्रीमान/श्रीमति श्याम कुमार महर्जन
२०. श्रीमान/श्रीमति अष्टवहादुर महर्जन
२१. श्रीमान/श्रीमति त्रिरत्न मानन्धर
२२. श्रीमान श्रीमती सुरेन्द्र दुवाल श्रेष्ठ